भाग 3

# मानव सेवामा कार्य गर्नुहोस्



© NCERT not to be republished

मानव सेवा भनेको मानिसहरूको सेवा गर्नु र उनीहरूसँग विभिन्न तरिकामा अन्तरक्रिया गर्नु हो। मानव सेवामा काम गर्नुहोस् विषयक परियोजनाहरूले तपाईँलाई मानिसहरूसँग कसरी काम गर्ने भनेर सिक्न सहयोग गर्नेछ। तपाईँले आफ्नो स्वास्थ्य र आफ्नो परिवार र अरुको हेरचाह गर्न सम्बन्धित परियोजनाहरू लिन सक्नुहुन्छ, तपाईँले विभिन्न विषयहरूमा रोचक भिडियो र अडियो क्लिपहरू बनाउन सक्नुहुन्छ, जस्तै तपाईँको परिवारको लागि बजेट बनाउनु, मानिसहरूको हातमा *मेहन्दी* लगाउनु वा हास्य पुस्तक विकास गर्नु; तपाईँले आफ्ना सहकर्मीहरूसँग के गर्न सक्नुहुन्छ भन्ने कल्पना गर्नु तपाईँमा निर्भर छ।

यस खण्डमा परियोजनाहरूका दुई उदाहरणहरू दिइएका छन्, जुन कठपुतलीहरूसँग कथाको समय र पारिवारिक स्वास्थ्य पुस्तिका हो। तपाईँले एउटा मात्र परियोजना लिनुपर्ने हुन्छ। तपाईँ या त यी परियोजनाहरू मध्ये एउटा छनौट गर्न सक्नुहुन्छ वा तपाईँले आफ्नो शिक्षकको सहयोगले आफ्नै मनपर्ने परियोजना डिजाइन गर्न सक्नुहुन्छ।

© NCERT not to be republished

परियोजना 5

# कठपुतलीहरूसँग कथाको समय

0785CH05

यस परियोजनाले तपाईंलाई कठपुतलीहरूसँग कथा सुनाउने बारेमा सिक्न सहयोग गर्नेछ। तपाईंले पटकथा (स्क्रिप्ट) लेख्न, कठपुतली बनाउन र पृष्ठभूमि (ब्याकड्रप), नाट्य सामग्री वा वस्तु (प्रोप), ध्वनि र प्रकाशको साथ कठपुतलीको कार्यक्रम (शो ) राख्न सिक्नुहुनेछ।

***परियोजनाको सहभागीको रुपमा, तपाईं निम्न कामहरूमा सक्षम हुनुहुनेछ:***

- एउटा कथा चिन्न
- पटकथा (स्क्रिप्ट) लेख्न
- कठपुतली बनाउन
- कठपुतली शो डिजाइन र प्रस्तुत गर्न



**चित्र 5.1:** *कठपुतलीको कार्यक्रम हेरिरहेका विद्यार्थीहरू*

© NCERT not to be republished

सबैजना, जवान र वृद्ध, कथा सुन्न मन पराउँछन्। कथा कथन पुरातन कालदेखि नै प्रचलित छ र समयसँगै कथा कथनका विभिन्न रूपहरू विकसित भएका छन्। महाराष्ट्रको छत्रपति सम्भाजीनगरको अजन्ता गुफाहरूमा ईसापूर्व दोस्रो शताब्दी र इस्वी संवत् पाँचौँ शताब्दीको बिचमा बनाइएका चित्रहरू कथा कथनको एउटा रूप हुन्-ती चित्रहरूद्वारा *जातक* कथाका कथाहरू चित्रण गर्दछन्।

भारतमा मौखिक कथा कथनको परम्परा पनि छ, जुन आजसम्म बङ्गालीमा *बाउल* गीतहरू, उर्दूमा *दास्तानगोई*, विभिन्न भाषाहरूमा *कथा*, राजस्थानमा *कावड*, केरला र कर्नाटकमा *यक्षगान* र देशभरि *राम लीला* मार्फत जारी छ। *कावड* काठको मन्दिर प्रयोग गरेर वर्णन गरिएको छ जुन कथा खुल्दा खुल्छ। *यक्षगान* र *राम लीलामा* संवादका साथै सङ्गीत, मुकुट र वेशभूषा प्रयोग गरिन्छन्। परम्परागत रूपमा, यी प्रदर्शनहरू लिपि बिना नै गरिन्थयो।



**चित्र 5.2:** *छाया कठपुतली कार्यक्रमले हाम्रो प्राचीन महाकाव्यका कथाहरू सुनाउन प्रकाश र कठपुतलीहरूको छाया प्रयोग गर्दछ।*

कथा भनिने रूपहरू परिवर्तन हुँदै जान्छन्, उदाहरणका लागि आधुनिक समयमा लेखन कथा कथनको लोकप्रिय रूप हो। लेखनसँगै फोटोग्राफी, सिनेमा, एनिमेसन र अन्य धेरै रूपहरू कथा कथनका लागि प्रयोग गरिन्छन्।

दुःखको कुरा के छ भने, केही परम्परागत रूपहरू त्यति लोकप्रिय छैनन् जति तिनीहरू केही दशक अघिसम्म थिए केही मानिसहरू कथा कथनको अत्याधुनिक रूपहरू रुचाउँछन्। तर एउटा रूप जुन कायम छ त्यो कथाहरू सुनाउन कठपुतलीहरू प्रयोग गर्नु हो (चित्र 5.1 र 5.2)।

कठपुतलीहरू मानिस वा जनावरका आकृतिहरू हुन्, जसलाई कठपुतली कलाकारले चलाउन सक्छ।तसर्थ, घड़ीको गुड़ियालाई कठपुतली मानिने छैन तर यसमा आँखा, नाक र मुख सिलाइएको साधारण

© NCERT not to be republished

कठपुतली मानिने छ यदि यो कठपुतलीकारको सहयोगले चल्छ भने।

कठपुतली कला भनेको हात, डण्डी वा डोरीको सहायताले कठपुतली चलाएर कथा प्रस्तुत गर्ने कला हो। तपाईँले कला शिक्षामा कठपुतलीबारे पहिले नै सिकिसक्नुभएको हुन सक्छ। साथै, हाम्रो देशमा प्रयोग हुने विभिन्न प्रकारका कठपुतलीबारे पनि सिक्नुभएको हुन सक्छ।

कठपुतली कलाको फाइदा के हो भने, एक–दुई जना मानिस र केही कठपुतली मात्र प्रयोग गरेर पनि कार्यक्रम प्रस्तुत गर्न सकिन्छ। यस्तो कार्यक्रम सजिलै एक ठाउँबाट अर्को ठाउँमा लैजान सकिन्छ र विभिन्न प्रकारका कथाहरू सुनाउन प्रयोग गर्न सकिन्छ।

कठपुतली कार्यक्रमहरू संवेदनशील सामाजिक सन्देशहरू साझा गर्न प्रयोग हुँदै आएका छन्, जसबारे मानिसहरू सामान्यतया खुलेर छलफल गर्न हिच्किचाउँछन् वा टाढ़ा बस्न खोज्छन्। कठपुतली बोल्ने भएकाले मानिस होइन, त्यसैले दर्शकहरूले सुन्छन् र हाँस्दै स्वीकार गर्छन्— ती विषयहरूबारे, जसले अन्यथा उनीहरूलाई रिस उठाउन वा दुःखी बनाउन सक्थ्यो। उदाहरणका लागि, कठपुतलीहरू लत (नशा), अन्धविश्वास र समाजका अन्य खराब प्रथाहरूका बारेमा छलफल गर्न प्रयोग गरिएका छन्। अन्यायविरुद्ध कदम चाल्न मानिसहरूलाई प्रेरित गर्न पनि तिनको प्रयोग गरिएको छ।

### के तपाईँलाई थाहा छ?

सन् 2012 र 2014को बिचमा पुरातत्त्वविद्हरूले चौताङ नदीको किनारमा अवस्थित–राजस्थानको करणपुरामा सिन्धु सरस्वती सभ्यतासँग सम्बन्धित एउटा स्थान उत्खनन गरेका थिए।

धेरै खोजहरू मध्ये एउटा कठपुतलीको टाउको भएको गोरु जस्तो देखिन्छ (चित्र 5.3)। यसको टाउको हराएको भए पनि, पुरातत्त्वविद्हरूले अवलोकन गर्दा उक्त वस्तुको बनावट यस्तो रहेको पाएका छन् कि यसमा छुट्याउन मिल्ने टाउको जड़ान गर्न सकिन्थ्यो। यसमा दुईवटा साना खोँच (खाल्डा) पनि छन्,



**चित्र 5.3:** *कठपुतलीको टाउको भएको गोरु*

जसबाट एउटा डोरी पार गरेर टाउको सार्न सकिन्छ। यसमा दुईवटा साना खोँच (खाल्डा) पनि छन्, जसबाट डोरी पास गरेर टाउको चलाउन सकिन्थ्यो।

not to be republished © NCERT

यस परियोजनामा, तपाईँ विभिन्न प्रकारका कठपुतलीहरू बनाउनुहुनेछ र कठपुतली कार्यक्रम (प्रदर्शन) प्रस्तुत गर्नुहुनेछ।

## के गर्न म सक्षम हुनेछु?

परियोजनाको अन्त्यमा, तपाईँ सक्षम हुनुहुनेछः

1. कथामा आधारित पटकथा लेख्न।
2. विभिन्न प्रकारका सामग्रीहरू प्रयोग गरेर कठपुतलीहरू बनाउन।
3. कथाअनुसार सङ्गीत, ध्वनि, प्रकाश र स्वर परिमार्जन (भ्वाइस मोड्युलेसन) प्रयोग गर्नु।
4. कठपुतली कार्यक्रम मार्फत कथा सुनाउन।

## मलाई के चाहिन्छ?

तपाईँलाई निम्न सामग्रीहरू चाहिन्छः

1. **कठपुतलीहरू बनाउनका लागिः** चप्पल, चम्चा, टुक्राहरू, पातहरू, भुस, बाँस, पुरानो कपड़ा, रिबन, काँटो, टेनिस बल वा कुनै पनि अन्य बल, रङ, ब्रश, प्यालेट, कटर, कैंची, धागो, सुई, गम, टेप, कागजी टेप लेख्न सकिने सतह वा कुनै अन्य उपलब्ध सामग्री।
2. **कठपुतलीहरू चलाउनका लागिः** स्ट्रिङ, झाडू, चपस्टिक्स वा कुनै अन्य उपलब्ध सामग्री।
3. **प्रोपहरू बनाउनः** एल्युमिनियम धातु, कार्डबोर्ड, चार्ट वा कुनै अन्य उपलब्ध सामग्री।
4. **प्रदर्शनका लागिः** कार्डबोर्ड, काठ (अधिमानतः खेर फालिएको), मार्तोल, काटी, चार्ट, बेडसिट, रङ्ग (पेन्ट), टेबलक्लोथ, टर्च लाइट, *दीया*, टेबल ल्याम्प, साङ्गीतिक उपकरण, ध्वनि प्रणाली वा कुनै अन्य उपलब्ध सामग्री।

## मैले आफूलाई र अरूलाई कसरी सुरक्षित राख्न सक्छु?

कठपुतली कार्यक्रमको योजना बनाउँदा र प्रस्तुत गर्दा तपाईँले पालना गर्नुपर्ने सावधानीहरू यस प्रकार छन्:

© NCERT not to be republished

1. कृपया निर्देशनहरूअनुसार उपकरणहरू प्रयोग गर्नुहोस् र आवश्यक सुरक्षा सावधानीहरू पालना गर्नुहोस्।
2. यो सम्भव छ कि तपाईंको कार्यस्थलमा धेरै कच्चा पदार्थ र अर्ध-समाप्त काम हुनेछ। कहिलेकाहीँ अर्ध-समाप्त काम कमजोर हुन्छ; आकस्मिक वा अनपेक्षित क्षतिबाट बच्न तपाईंले यसलाई सुरक्षित रूपमा राख्नुपर्ने हुन्छ।
3. राम्रोसँग भेन्टिलेटेर र उज्यालो भएको कोठामा काम गर्नुहोस्।
4. पटकथा (स्क्रिप्ट) लेख्दा र प्रदर्शनको समयमा, अरूको भावनाप्रति संवेदनशील हुनुहोस् र सकारात्मक सन्देशहरू फैलाउनुहोस्। यदि तपाईं आफ्नो कथाका लागि वास्तविक जीवनबाट प्रेरणा लिइरहनुभएको छ भने, तपाईंले सम्बन्धित व्यक्तिहरूबाट अनुमति लिन सुनिश्चित गर्नुहोस्।

**इन्टरनेट सुरक्षाः** इन्टरनेट प्रयोग गर्दा आफ्ना शिक्षकलाई सहयोगका माग्नुहोस्। सावधान रहनुहोस् र केही पनि अपलोड वा डाउनलोड नगर्नुहोस्। व्यक्तिगत जानकारी अनलाइन साझा नगर्नुहोस्।

## सुरु गर्नुअघि मैले के जान्न आवश्यक छ?

तपाईंले वर्णन गर्नुहुने कथा र तपाईंले बनाउनु हुने कठपुतलीहरूको बारेमा सोच्न सुरु गर्नु अघि, तपाईंको कठपुतली कार्यक्रममा मानिसहरूलाई के रुचि हुनेछ भनेर सोच्न महत्त्वपूर्ण छ।

### गतिविधि 1: कथालाई प्रभावकारी के कुराले बनाउँछ?

तपाईंले विभिन्न व्यक्तिहरूबाट सुनेका वा मञ्चमा वा चलचित्रमा हेरेका कथाहरूबारे सोच्नुहोस्।

तपाईंले सुनेर सबैभन्दा बढी आनन्द लिनुभएको कथा सम्झनुहोस्, जुन तपाईंले बारम्बार सुन्न चाहनु भएको थियो। त्यो कथाको बारेमा तपाईंलाई के मन परेको थियो सोच्नुहोस्।

1. कथा कसले सुनाएको थियो?

   ..........................................................................................................

2. उनीहरूले कथा कसरी सुनाए? के उनीहरूले केवल वाचन मात्र गरे वा आवाज परिवर्तन गर्दै सुनाए? कथा सुनाउँदा के उनीहरूले कुनै सामग्री (सहायक वस्तुहरू) प्रयोग गरे, आवाजको उतार–

© NCERT not to be republished

चढाव मिलाए, हाउभाउ देखाए र अनुहारका भावहरू परिवर्तन गरे?

.................................................................................................................................
.................................................................................................................................
.................................................................................................................................

3. उनीहरूले कथा सुनाएको तरिकाको बारेमा तपाईँलाई के मनपर्यो?

.................................................................................................................................
.................................................................................................................................

कथाका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा श्रोताको ध्यान आकर्षण गर्नु हो। आफ्ना साथीहरूसँग आफ्ना प्रतिक्रियाहरूबारे छलफल गर्नुहोस् र कथा कथनलाई रोचक बनाउने केही सामान्य तत्त्वहरू तपाईँले पहिचान गर्नुभयो कि भनेर बुज्नुहोस्।

यस छलफलको आधारमा, श्रोताहरूका लागि कथा रोमाञ्चक बनाउन तपाईँ के गर्नुहुन्छ?

.................................................................................................................................
.................................................................................................................................
.................................................................................................................................

## गतिविधि 2: कठपुतलीको कार्यक्रम हेर्नु

तपाईँको नजिकै कुनै कठपुतली प्रदर्शनी भइरहेको छ कि छैन जाँच गर्नुहोस्। यदि छैन भने, तपाईँ कठपुतली कलाकारलाई स्कुलमा एउटा कार्यक्रम गर्न निम्तो दिन सक्नुहुन्छ।

कठपुतली कलाकारहरूसँग कठपुतलीका प्रकारहरूबारे छलफल गर्नुहोस्। कठपुतलीको सञ्चालन विधि अवलोकन गर्नुहोस्— कलाकारले यसलाई कसरी चलाउँछन्, उनीहरूले कसलाई हेर्छन्, उनीहरूको पोशाक, कठपुतली समात्ने शैली र सबैभन्दा महत्त्वपूर्ण कुरा, आवाजको उतार–चढाव। यदि यो प्रत्यक्ष प्रस्तुति, मानव कलाकारहरूको नाटक वा कठपुतली कार्यक्रम हो भने, मञ्चको व्यवस्था, पृष्ठभूमि, ध्वनि र प्रकाशको पनि अवलोकन गर्नुहोस्।

कठपुतली कार्यक्रम हेरेपछि, कृपया निम्न प्रश्नहरूको उत्तर दिनुहोस्:

1. कठपुतली कार्यक्रमको नाम के थियो? तपाईँले कहाँ हेर्नुभयो?

.................................................................................................................................
.................................................................................................................................
.................................................................................................................................

© NCERT not to be republished

2. कार्यक्रममा कस्तो प्रकारका कठपुतलीहरू प्रयोग गरिएको थियो (जस्तै, राजा, सिंह, चरा)? कठपुतलीहरू के-बाट बनेका थिए भन्ने तपाईँलाई लाग्छ?

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

3. कठपुतलीकारले के गरिरहेको थियो? उनले कठपुतलीलाई कसरी चलाउँदै थिए? के कठपुतलीकारले दर्शकसँग वा कठपुतलीसँग कुराकानी गरे? यदि हो भने, कसरी?

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

4. कठपुतली कार्यक्रममा सबैभन्दा रोचक दृश्य कुन थियो? तपाईँलाई यो किन रोचक लाग्यो?

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

5. के ध्वनि, प्रकाश, पृष्ठभूमि वा अन्य कुनै पनि तत्त्वहरू प्रयोग गरिएको थियो जसले कार्यक्रमलाई रोचक बनाएको थियो?

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

यदि तपाईँ प्रत्यक्ष कठपुतली कार्यक्रम हेर्न सक्षम हुनुहुन्न भने, तपाईँ 'कठपुतली शो + भाषा' (तपाईँको छनौट) कुञ्जी शब्दहरू प्रयोग गरेर अनलाइन कठपुतली कार्यक्रमको भिडियो खोज्न सक्नुहुन्छ।

## मैले के गर्नुपर्छ?

कठपुतली कार्यक्रम राख्ने क्रममा पहिलो चरण भनेको कथा पहिचान गर्नु र पटकथा (स्क्रिप्ट) लेख्नु हो। एकचोटि त्यो गरिसके पछि, तपाईँले कथाका पात्रहरूअनुसार कठपुतलीहरू बनाउनु पर्छ र त्यसपछि कठपुतली कार्यक्रम तयार गर्नु पर्छ। अन्तमा, तपाईँले मञ्च स्थापना गरेर एउटा कार्यक्रम राख्नु पर्छ।

© NCERT not to be republished

## गतिविधि 3 : कथा लेखन / चयन

तपाईँले कठपुतलीहरू बनाउन सुरु गर्नु अघि, तपाईँले प्रस्तुत गर्न चाहनु भएको कथाको बारेमा स्पष्ट हुनुपर्छ।

तपाईँ विद्यालयको पुस्तकालयमा गएर उपायहरू प्राप्त गर्न पुस्तकहरू पढ्न सक्नुहुन्छ। वा तपाईँले अन्य विषयहरूमा सिक्दै गरेका केही प्रयोग गर्न सक्नुहुन्छ जस्तो कि विज्ञान वा सामाजिक विज्ञानमा भाषा वा ऐतिहासिक घटनाका कथा वा कविता। तपाईँले आफ्ना बाजे बोजूले बताउने कथा पनि चयन गर्न सक्नुहुन्छ। वैकल्पिक रूपमा, तपाईँले सामाजिक मुद्दाहरू, जस्तै, *स्वच्छ भारत*, पोलियो खोप वा नागरिकहरूको अधिकार र जिम्मेवारीहरूको विषयमा कठपुतली कार्यक्रम तयार गर्ने बारेमा सोच्न सक्नुहुन्छ।

याद गर्नुहोस्, तपाईँले कठपुतली बनाउनु पर्छ, (पटकथा )स्क्रिप्ट लेख्नु पर्छ र एउटा कार्यक्रम गर्नुपर्छ।त्यसैले, तपाईँको कथा छोटो र सरल हुनुपर्छ तर यसमा केही नाटकीय अभिनय ड्रामा वा एक्सन हुनुपर्छ।

तपाईँले कुन कथा छान्नुभयो र किन?

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

अर्को, तपाईँले कथाका मुख्य तत्त्वहरू पहिचान गर्न आवश्यक छ। तालिका 5.1 ले तपाईँलाई त्यसो गर्न सहयोग गर्नेछ।

**तालिका 5.1 : चयन गरिएका कथाका मुख्य तत्त्वहरू**

| प्रश्नहरू | कथामा आधारित उत्तरहरू |
|---|---|
| कथा के-को विषयमा छ? | |
| यसको शीर्षक के हो? | |
| कथाका पात्रहरू को-को हुन्? तिनीहरूलाई संक्षिप्त रूपमा वर्णन गर्नुहोस्। | |
| कथा कहाँ तयार गरिएको छ? | |

© NCERT not to be republished

| | |
|---|---|
| कथा अगाड़ि बढ़्दै जाँदा यसको परिवेश (स्थान वा वातावरण) परिवर्तन हुन्छ कि हुँदैन? | |
| कथाको कथानक के हो? | |
| मुख्य घटनाहरूको क्रम लेख्नुहोस्। | |
| कथाको केन्द्रीय सन्देश के हो? | |

## गतिविधि 4 : कठपुतली कार्यक्रमका लागि पटकथा (स्क्रिप्ट) लेखन

जब तपाईँ प्रत्यक्ष प्रदर्शन वा चलचित्र हेर्नुहुन्छ, त्यहाँ संवाद, दृश्यमा परिवर्तन, सङ्गीत, एक्सन र अन्य धेरै कुराहरू हुन्छन्। यो केवल कथा वाचन भन्दा  अझ धेरै हो। पटकथाको प्रयोग गरेर कथालाई कार्यक्रममा अनुवाद गरिन्छ।

पटकथामा पात्रहरूको दृश्य, संवाद र भावनाहरूको चरणगत प्रवाह हुन्छ। यसमा प्रत्येक दृश्यमा कठपुतली (हरू)को स्थिति र गतिविधि जस्ता विवरणहरू पनि समावेश हुन्छन्। छोटा गीत वा कविता, प्रकाश र ध्वनि सम्प्रेषण र यस्तै अन्य तत्त्वहरू पटकथामा उल्लेख गर्नुपर्दछ। बोल्ने शैली, उदाहरणका लागि, चरित्र र दृश्यका आधारमा प्राकृतिक, अनौपचारिक, औपचारिक, आधिकारिक, नम्रता इत्यादि स्पष्ट बनाउनु पर्छ।

कम्तिमा 2-3  पात्र - पात्रा भएको कथा–चयन गर्ने प्रयास गर्नुहोस्। कथाअनुसार, यी पात्रहरू जनावर, मानिस, अन्य ग्रहका प्राणी हुन सक्छन्।

तपाईँलाई पटकथा कसरी लेख्ने भनेर बुझ्नलाई सहयोग गर्न, 'गोपाल र हिल्सा माछा,' नामक कथाको उदाहरण तालिका 5.2मा दिइएको छ। यो कथा एकजना राजाको बारेमा हो जसलाई दरबारमा 'हिल्सा' माछाको बारेमा कुरा गरेको मन पर्दैन। उसले आफ्नो दरबारी गोपाललाई ठुलो 'हिल्सा' माछा किन्न र कसैले यसको विषयमा कुरा नगरी दरबारमा ल्याउन चुनौती दिन्छ। गोपालले चुनौती स्वीकार गर्छ। उसले आफ्नो आधा दाह्री काट्छ र आफूमाथि खरानी दल्छ। मानिसहरू उनको रूप देखेर यति आश्चर्यचकित हुन्छन् कि उनीहरूले उनको हातमा रहेको ठुलो हिल्सा माछाको बारेमा कुरा गर्दैनन्।

© NCERT not to be republished

**तालिका 5.2 : गोपाल र हिल्सा माछा का लागि पटकथा**

| क्र. सं. | (पात्र) चरित्र | संवाद र शैली | आवश्यक (वस्तुहरू) प्रोपहरू | विशेष प्रभावहरू (जस्तै, प्रकाश र ध्वनि) |
|---|---|---|---|---|
| | **दृश्य 1 :** दरबारको दृश्य — राजा सिंहासनमा बसेका छन् र गोपाल उनीहरूको अगाड़ि उभिएका छन्। पृष्ठभूमिमा भित्तामा चित्रहरू सजाइएका सुन्दर दरबार हल देखिने व्यवस्था। | | | |
| 1 | राजा | *(गुनासो गर्दै)*: मानिसहरूले हिल्सा माछाका बारेमा कुरा गर्दा मलाई दिक्क लागि सक्यो। | राजाका लागि सिंहासन (गत्ताले बनाइएको र सुनको रङ्ग लगाइएको) | |
| 2 | गोपाल | *(धैर्यपूर्वक)*:उनीहरू आफैँ थाक्नेछन् र कुरा गर्न छोड्नेछन्। | | |
| 3 | राजा | *(अधैर्य हुँदै)*: कहिले!! | | |
| 4 | गोपाल | *(शान्त स्वरमा)*: अरू कुनै कुरा आएपछि तुरुन्तै। | | |
| 5 | राजा | *(रिसाउँदै)*गोपाल! मसँग बहस नगर। म तिमीलाई चुनौती दिन्छु— ठूलो हिल्सा माछा दरबारमा ल्याऊ तर कसैले पनि त्यसबारे कुरा नगरोस्। | | काठको सतहमा हातले हिर्काएको आवाज |
| 6 | गोपाल | *(तल निहुरेर)*: म चुनौती स्वीकार गर्दछु, महाराज। | | तुरहीको आवाज (खेलौना तुरही वा कसैले बनाएको आवाज) |
| **दृश्य २** | | | | |
| **बजारको दृश्य**<br>पृष्ठभूमिमा धेरै मानिसहरू मञ्चतर्फ हेरिरहेका व्यस्त बजार देखिने व्यवस्था।<br>गोपालको आधा दाह्री खौरिएको छ र शरीरमा खरानी दलिएको छ, हातमा ठूलो हिल्सा माछा समातेका छन्।<br>सहरका अर्को एक व्यक्ति छक्क पर्दै उनलाई हेर्दै उभिएका छन्। | | | | |

© NCERT not to be republished

कृपया ध्यान दिनुहोस् कि प्रोपहरू कठपुतलीहरू बाहेक मञ्चमा प्रयोग गरिने अन्य वस्तुहरू हुन् (चित्र 5.4 ) । तिनीहरू स्पष्ट रूपमा व्यवस्थापन सेटिङ देखाउन प्रयोग गरिन्छ (उदाहरणका लागि, राजाको सिंहासन) र सजिलै वरिपरि सार्न सकिन्छ (उदाहरणका लागि, *हिल्सा* माछा, तरवार, गोली (बल), मोटरकार, अखबार)। यीमध्ये केही मञ्चमा राखिएका छन् भने, अन्यलाई स्ट्रिङ(डोरी) वा स्टिक (लट्ठी)मा बाधिएका छन् भने वरिपरि सार्न सकिन्छ।



**चित्र 5.4 :** *'गोपाल अनि हिल्सा माछा' बाट गोपालका लागि कठपुतली*

अब, तपाईंको कथाका लागि विस्तृत पटकथा लेख्न तालिका 5.3 प्रयोग गर्नुहोस्।

**तालिका 5.3 : आफ्नै पटकथा लेख्नका लागि ढाँचा**

| क्र. सं. | (पात्र) चरित्र | संवाद र शैली | आवश्यक (वस्तुहरू) प्रोपहरू | विशेष प्रभावहरू (स्पेसल इफेक्ट्स) (उदाहरणका लागि, प्रकाश र ध्वनि) |
|---|---|---|---|---|
| **दृश्य 1** | | | | |
| 1. | | | | |
| 2. | | | | |
| 3. | | | | |
| **दृश्य 2** | | | | |
| 1. | | | | |
| 2. | | | | |

## गतिविधि 5 : पात्र (चरित्र) को रेखाचित्र

आफ्ना कठपुतलीहरू बनाउन अघि, तपाईंले कल्पना गर्नुपर्छ कि तिनीहरू मानिसका रूपमा कस्ता हुनेछन्। तिनीहरू अग्ला हुनेछन् वा होचा? तिनीहरू हसमुख हुनेछन् वा रिसाहा? तिनीहरू मिलनसार हुनेछन् वा लजालु ? यी सबलाई *विशेषताहरू*भनिन्छन्। तपाईंको कठपुतलीको विशेषताहरू निर्धारण गर्नुलाई *पात्रको चित्र बनाउनु*भनिन्छ। कठपुतलीको अनुहार र शरीर, यसको अनुहारको भाव, यसको आवाज र व्यवहारहरू

© NCERT not to be republished

निधो गर्न यो आवश्यक छ, उदाहरणका लागि, उत्तेजित हुँदा माथि र तल उफ्रने, उदास हुँदा सुस्त (चित्र 5.5 )।

तपाईँले कठपुतलीलाई प्रायः जनावर वा मानव आकृति जस्तै बनाउन आवश्यक पर्दैन, कठपुतलीहरूको शरीर, पाखुराहरू र हातहरू लामा हुन्छन्। यद्यपि, कठपुतलीको पूर्ण जानकारी प्राप्त गर्न, तपाईँले यसको शरीर र यसको व्यक्तित्व दुवैको कल्पना गर्न आवश्यक छ।

[redacted]

**चित्र 5.5 :** *एउटा डराएको सिंह र उसको मुसो साथीको कथाको एक दृश्य। सिंह कागजले बनेको हुन्छ र मुसो एउटा मोजाको कठपुतली हो।*

### वर्णाङ्कित पत्र (ग्राफ पेपर) -को प्रयोगले रेखाङ्कनलाई सजिलो बनाउँछ।

मानौँ, तपाईँको कथामा एउटा खरायो छ। तपाईँले कागजमा खरायोको चित्र बनाएर यसलाई गत्तामा टाँस्न सक्नुहुन्छ। त्यसपछि तपाईँले आफ्नो खरायोको कठपुतली चलाउन गत्तामा लट्ठी जड़ान गर्न सक्नुहुन्छ।

खरायोको नक्सा बनाउनका लागि, खरायोको तस्विर लिनुहोस्, प्रतिलिपि पत्र (ट्रेसिङ पेपर) र वर्णाङ्कित पत्र (ग्राफ पेपर) लिनुहोस्।

प्रतिलिपि पत्र (ट्रेसिङ पेपर)मा खरायोको नक्सा बनाउनुहोस् र यसलाई वर्णाङकित पत्र (ग्राफ पेपर)मा टाँस्नुहोस्। त्यसपछि, तपाईँले खरायोलाई रेखाङ्कन गर्न चाहनु भएको चार्ट पेपरमा ग्राफको अनुपातमा रेखाहरू तान्नुहोस् यसले तपाईँलाई ठुलो खरायो बनाउन सहयोग गर्नेछ। तपाईँले अब चार्ट पेपरमा खरायोको प्रत्येक भाग प्रतिलिपि गर्न सक्नुहुन्छ। काम गरिसकेपछि रेखाहरू मेटाउनुहोस् र खरायोलाई रङ्ग लाउनुहोस् (चित्र 5.6)। एकपल्ट लट्ठी खरयोको शरीरमा टाँसिएपछि, तपाईँको कठपुतली तयार हुन्छ।

[redacted]

4.

1.

2.

3.

**चित्र 5.6 :** *वर्णाङ्कित पत्र (ग्राफ कागज)द्वारा खरायो बनाउने*

© NCERT not to be republished

यी प्रश्नहरूले तपाईँलाई कठपुतलीहरू कसरी बनाउने भन्ने योजना बनाउन सहयोग गर्नेछ।

1. तपाईँ कुन कठपुतली बनाउनु हुनेछ? तिनीहरूलाई तलको स्थानमा कोर्नुहोस्।

2. तिनीहरूको मुख्य विशेषताहरू के-के हुन्?

........................................................................................................................

........................................................................................................................

## गतिविधि 6 : कठपुतली बनाउने

तपाईँले आफ्नो वरिपरि उपलब्ध माटो, नरम काठ, घाँस, फोहोर कागज, प्रयोग गरिएका बोतलहरू, थर्मोकोल, गत्ता वा कुनै अन्य उपयुक्त सामग्रीबाट कठपुतलीहरू बनाउन सक्नुहुन्छ। उदाहरणका लागि, तपाईँले चार्ट पेपरमा कोरिएको माछाका कटआउटहरू कुचोको वरिपरि टाँस्न सक्नुहुन्छ र समुद्रमाथि तयार गरिएको साधारण कथा वर्णन गर्न तिनिहरूलाई चलाउन सक्नुहुन्छ। तपाईँले कुचोको वरिपरि चार्ट पेपरको टुक्रा टाँस्न सक्नुहुन्छ र त्यसपछि चार्ट पेपर वा ऊन जस्ता सामग्रीहरूबाट बनेको नाक, आँखा, कानहरू टाँस्न सक्नुहुन्छ।

तपाईँले कठपुतलीहरू बनाउन प्रयोग गर्न सक्ने सामग्री र वस्तुहरूका केही उदाहरणहरू चित्र 5.7 देखि 5.13 मा दिइएका छन्। अन्य सामग्रीहरू प्रयास गर्नुहोस् र हेर्नुहोस् तपाईँ के गर्न सक्नुहुन्छ।

© NCERT not to be republished

**1. मोजाको कठपुतली**

तपाईँले सामान्यतः पुराना मोजाहरू लिएर आँखाहरू, नाक र मुख सिलाई गरेर मोजाको कठपुतलीहरू बनाउन सक्नुहुन्छ। कपाल बनाउनका लागि तपाईँले मोजामा केही पुराना ऊन पनि सिलाउन सक्नुहुन्छ।

तपाईँले मोजाका कठपुतलीहरूलाई आफ्नो हातमा लगाएर चलाउन सक्नुहुन्छ (चित्र 5.7 )।



**चित्र 5.7 .:** *ऊनले सिलाइएको कपाल भएका कठपुतलीहरू*

**2. चम्चा र काँटा कठपुतलीहरू**

तपाईँ स्टिल वा काठको चम्चा र काँटा (आइसक्रीमको चम्चा र फ्याक्न सकिने/ डिस्पोजेबल काँटा) प्रयोग गरेर कठपुतली बनाउन सक्नुहुन्छ। तपाईँ केवल चम्चामा रङले अनुहार बनाउन सक्नुहुन्छ र काँटामा केही भुस बेरेर त्यसपछि यसमा अनुहारमा रङ्ग गर्न सक्नुहुन्छ (चित्र 5.8 )।



**चित्र5.8 :** *चम्चा र काँटाका कठपुतलीहरू बनाइएको*

तपाईँ यी कठपुतलीहरूलाई कागजले बनेका लुगाहरूले सजाउन सक्नुहुन्छ र स्केच पेन वा पेन्सिल प्रयोग गरेर रङ्ग गर्न सक्नुहुन्छ।

तपाईँले चम्चा र काँटाको बिँड़ प्रयोग गरेर यी कठपुतलीहरू चलाउन सक्नुहुन्छ।

**3. चप्पल/ जुत्ताको कठपुतली**

तपाईँले जुत्ताको तलुवा रङ्ग गर्न अथवा कपाल र जुँगाका लागि ऊन बाध्न/टाँस्न सक्नुहुन्छ।तपाईँ आँखाका लागि बटनहरू टाँस्न सक्नुहुन्छ वा केवल तिनीहरूलाई रङ्ग गर्न सक्नुहुन्छ (चित्र 5.9)।

तपाईँ यी कठपुतलीहरूलाई चप्पलको छेउमा समातेर वा तपाईँको हातमा जुत्ता लगाएर सार्न सक्नुहुन्छ।

© NCERT not to be republished

[redacted]

(क)　　　　　　　　　　　　(ख)

**चित्र 5.9 :** *(क) तलुवामा अनुहार रङ गरिएको जुत्ताको कठपुतली. (ख) बिर्को र कपालले बनिएको आँखा भएको र गम र डोरीले ऊन टासेर बनाइएको जुँगा भएको चप्पलको कठपुतली।*

## 4. बलको कठपुतली

तपाईँले बल का साथ अनुहारहरू सिर्जना गर्न सक्नुहुन्छ केवल बलको तल्लो भागमा कुचोको डन्ठा घुसाउनुहोस् ताकि तपाईँ यसलाई चलाउन सक्षम होस्। तपाईँले बलको कठपुतलीमा अनुहार रङ्ग गर्न सक्नुहुन्छ वा बलको छेउमा नाक र कानहरू जस्तै देखिने कागजका टुक्राहरू टाँस्न सक्नुहुन्छ (चित्र 5.10 )।



**चित्र 5.10 :** *नाक र आँखा कागजले कठपुतलीहरू बनाएर त्यसमा टाँस्नुहोस् र त्यसपछि रङ्ग गर्नुहोस्। गतिका लागि बलमा झाडू हालिन्छ।*

## 5. सब्जीका कठपुतलीहरू

तपाईँले आलु जस्ता सब्जीहरू र दाँत कोट्याउने (टुथपिक्स) प्रयोग गरेर पनि कठपुतलीहरू निर्माण गर्न सक्नुहुन्छ। तपाईँले नाक, मुख र आँखा बनाउनका लागि मूला र गाजर जस्ता अन्य सब्जीहरू प्रयोग गर्न सक्नुहुन्छ (चित्र 5.11)।

तपाईँ यी कठपुतलीहरूलाई लट्ठीहरू प्रयोग गरेर चलाउन सक्नुहुन्छ।

[redacted]

**चित्र 5.11:** *आलु र लट्ठीले बनेको कठपुतली*

© NCERT not to be republished

## 6. पातका कठपुतलीहरू

तपाईँ पातहरू प्रयोग गरेर पनि कठपुतली बनाउन सक्नुहुन्छ। यसका लागि सजिलै नटुट्ने सुकेका पातहरू वा हरिया पातहरू प्रयोग गर्न सकिन्छ। यदि हरिया पातहरू प्रयोग गर्दै हुनुहुन्छ भने, त्यससँग जोड़िएका साना हाँगाहरूलाई हात र पाखुरा बनाउन प्रयोग गर्न सकिन्छ (चित्र 5.12)।

तपाईँ यी कठपुतलीहरूलाई समातेर जहाँ चाहनुहुन्छ त्यहाँ सार्न सक्नुहुन्छ।

*(क)* *(ख)*

**चित्र 5.12:** *(क) पात र डाँक्लाले बनेको पातको कठपुतली (ख) सुकेको पातले बनेको कठपुतली।*

## 7. गत्ताका कठपुतलीहरू

तपाईँले फ्याँकिएको गत्ताबाट पनि कठपुतलीहरू बनाउन सक्नुहुन्छ (चित्र 5.13 )। शरीर बाहेक, तपाईँले आँखा, नाक, मुख र जुँगा जस्ता गत्ताका साना टुक्राहरू काटेर टाँस्न सक्नुहुन्छ।

**चित्र 5.13 :** *फ्याँकिएको गत्ताले बनेको कठपुतली; काटिएको गत्ताको आँखा, नाक, मुख, कान र कपाल शरीरमा टाँसिएको। धेरै कुचोका डन्ठाहरूसँगै बाँधेर कठपुतलीको गत्ता भएको भागमा यसलाई चलाउनका लागि घुसाइएको।*

© NCERT not to be republished

## 8. कठपुतलीको टाउको बनाइ

तपाईँले टाउको भएको र लुगा लगाएको कठपुतली बनाउने प्रयास गर्न सक्नुहुन्छ। तपाईँले टाउको कसरी बनाउन सक्नुहुन्छ भनेर चित्र 5.14 ले देखाउँछ। चित्रमा देखाइएका सामग्रीहरू जम्मा गर्नुहोस् र सुरु गर्नुहोस्।

**सामग्री:** साना हाँगाका टुक्राहरू, भुस, समाचारपत्र, धागो, कपड़ा र पानी-गम मिश्रण।



चरण 1

[redacted]

दुईवटा साना हाँगा लिनुहोस् र तिनीहरूलाई प्लस चिह्नमा बाँध्नुहोस्।

चरण २

[redacted]

पराल वा भुस जे उपलब्ध छ लिनुहोस् र गोली (बल) बनाउनुहोस्। यसलाई धागोले बाँधेर प्लस चिह्नको वरिपरि गोल वा अण्डाकार आकृति बनाउनुहोस् (वैकल्पिक रूपमा, यदि तपाईँले भुस वा पराल भेटाउन सक्नुहुन्न भने, तपाईँ अखबारको प्रयोग गर्न सक्नुहुन्छ)।

चरण ३

[redacted]

गोलीको वरिपरि अखबार बेर्नुहोस्।

चरण 4

[redacted]

अब केही पानीसँग एउटा कचौरा लिनुहोस् र यसमा गम हाल्नुहोस् (3:1 :: पानी: गम)। यसलाई राम्रोसँग मिसाउनुहोस् र एकछेउमा राख्नुहोस्।

चरण 5

[redacted]

कागजका टुक्राहरूलाई साना टुक्राहरूमा च्यात्नुहोस्।

चरण 6

[redacted]

च्यातिएको कागजको टुक्रा लिनुहोस्। यसलाई पानी-गमको मिश्रणमा डुबाउनुहोस् र गोलो (बल)मा टाँस्नुहोस् (चरण 3 बाट)। जबसम्म सम्पूर्ण सतह पानी-गमको मिश्रणमा डुबाइएको कागजले ढाकिँदैन तबसम्म यो प्रक्रिया जारी राख्नुहोस्।

चरण 7

[redacted]

गोली सुक्न दिनुहोस्।

चरण 8

[redacted]

अखबार वा अन्य सामग्री प्रयोग गरेर टाउकोमा नाक र आँखा थप्नुहोस्।

चरण 9

[redacted]

टाउकोमा रङ्ग गर्नुहोस्।

[redacted]

**चित्र 5.14 :** *गोलीको कठपुतली बनाइ*

© NCERT not to be republished

[redacted]

[redacted]

**अनलाइन स्रोतहरूबाट सिक्दै**

तपाईंँ पेपियर-माचे (कागज -गमको मिश्रण) बाट पनि टाउको बनाउन सक्नुहुन्छ। 'पेपियर-माचे कसरी बनाउने' भन्ने कुञ्जी शब्दहरू प्रयोग गरेर पेपियर-माचे बनाउन सिक्न अनलाइन खोज्नुहोस् (चित्र 5.15 )।

[redacted]

**चित्र 5.15 :** *पेपियर-माचेको टाउको बनाइ*

## अनुहारको चित्रकारी

तपाईंले आफ्नो कठपुतलीको टाउकोलाई अन्तिम रूप दिन सक्ने विभिन्न तरिकाहरू छन्। तपाईंले भाव अभिव्यक्ति गर्ने आँखा, नाक, ओठ र कानको संयोजनको कल्पना गर्नुपर्दछ (चित्र 5.16 )। उदाहरणका लागि, मुस्कुराइ रहेको अनुहार, रिसाएको अनुहार, हाँसिरहेको अनुहार, आदि।

एकचोटि तपाईंले अनुहारको भाव सुनिश्चित गरेपछि, टाउकोमा – कागज टाँस्नुहोस् यस कार्यका लागि तपाईंले कागजको  टेप प्रयोग गर्न सक्नुहुन्छ। कागज टेपमा कठपुतलीहरूको अनुहारको भाव चित्राङ्कन गर्नुहोस्। कोठामा कठपुतलीको टाउकोको फोटो टाँस्नु वा बनाउनुहोस्।

[redacted]

[redacted]

[redacted]

*(क)* *(ख)*

**चित्र 5.16 :** *(क) विभिन्न प्रकारका अनुहारहरू; (ख) चित्रित कठपुतलीको अनुहार*

© NCERT not to be republished

छालाको रङ्ग हाम्रो छालाको रङसँग ठ्याक्कै मिल्ने गरी रङ्ग लगाउन आवश्यक छैन। कठपुतली काल्पनिक पात्र भएकाले रङहरू पनि काल्पनिक हुन सक्छन्। अनुहार रङ्याउन विभिन्न रङहरूको प्रयोग गर्न सकिन्छ।

## शरीर बनाउने तरिका

कठपुतलीको शरीर बनाउने विभिन्न तरिकाहरू छन्। चित्र 5.17 ले मानव कठपुतली बनाउने एउटा तरिका देखाउँछ।

चरण 1



एउटा पुरानो कपड़ा लिनुहोस् र यसलाई लामो लुगाको आकारमा काट्नुहोस्। परिमाण यस्तो हुनुपर्छ कि कठपुतलीको टाउकोमा जोड़िएको रड वा लट्ठी ढाकिएको होस्।

चरण 2



धागो र सियो प्रयोग गरेर कपड़ा सिलाउनुहोस्।

चरण 3



यदि तपाईँ चाहनुहुन्छ भने तपाईँले सर्ट (कमिज) र लामो स्कर्ट वा प्यान्ट (सुरुवाल) पनि बनाउन सक्नुहुन्छ र यसलाई कठपुतलीमा गाँस्न सक्नुहुन्छ।

चरण 4



तपाईँले कागजमा गत्ताको टुक्रामा हातहरू बनाउन सक्नुहुन्छ। त्यसपछि तपाईँले गत्तालाई उचित रूपमा काट्न सक्नुहुन्छ। कठपुतलीको लुगाको बाहुलामा हात गाँस्नुहोस्।

अब आफ्ना कठपुतलीहरूसँग रमाइलो गर्नुहोस्।

**चित्र 5.17 :** *कठपुतली पूर्ण गर्दै*

© NCERT not to be republished

तपाईंले विभिन्न प्रकारका लुगाहरूसँग तपाईंलाई चाहिए जति कठपुतलीहरू बनाउन सक्नुहुन्छ (चित्र 5.18 )।



**चित्र 5.18:** *तपाईंका कठपुतलीहरू कार्यक्रमका लागि तयार छन्*

## गतिविधि

प्रदर्शन गर्दा, कठपुतलीहरूको गतिविधिले कथालाई जीवन्त बनाउँछ। कठपुतलीलाई गति दिन तपाईं रचनात्मक हुनु आवश्यक छ। उदाहरणका लागि, तपाईंले कठपुतलीको घाँटीको पछाडि वा हातहरूमा डोरी बाँध्न सक्नुहुन्छ।तपाईंले आफ्नो हातले कठपुतलीको च्यापु खोलेर यसलाई हाँसाउन सक्नुहुन्छ, यसको शरीरमा जोड़िएको लट्ठी प्रयोग गरेर कठपुतलीलाई उडाउन सक्नुहुन्छ, तपाईंले आफ्नो हातमाथि कठपुतलीलाई 'लगाउन' सक्नुहुन्छ (चित्र 5.19 र 5.20 )।

**चित्र ५.१९:** *यी कठपुतलीहरू चलाउन लट्ठीहरू प्रयोग गरिनेछ।*

*(क)* *(ख)*

**चित्र 5.20 :** *(क) र (ख) कठपुतलीहरू डोरी प्रयोग गरेर चले र विभिन्न भागहरूसँगै जोड़िएर बनाइयो ताकि तिनीहरूलाई चलाउन सकियोस्।*

© NCERT not to be republished

तपाईँआफ्नो कठपुतलीलाई कसरी चलाउनु हुनेछ?

........................................................................................................................

........................................................................................................................

पटकथाअनुसार, तपाईँले कठपुतलीको अनुहारको भाव परिवर्तन गर्न आवश्यक पर्दछ (उदाहरणका लागि, मुस्कुराएको अनुहार, रिसाएको अनुहार, उदास अनुहार) वा यसको शरीरको स्थिति (उदाहरणका लागि, उभिरहेको बाघ, सुतिरहेको बाघ)। विभिन्न भाव र स्थितिहरूका साथ प्रत्येक पात्रका लागि एकभन्दा अधिक कठपुतली बनाएर यो सम्भव छ।

## आफ्ना कठपुतलीहरूलाई अन्तिम रूप दिनु

तपाईँले विभिन्न कठपुतलीहरू प्रयोग गर्नुभएको छ। अब, तपाईँको कार्यक्रमका लागि कठपुतलीहरू बनाउने दिशामा काम गर्न सुरु गर्नुहोस्।

कृपया तालिका 5.4 भर्नुहोस् किनकि यसले तपाईँलाई आफ्ना कठपुतलीहरूको योजना बनाउन सहयोग गर्नेछ। तपाईँलाई तपाईँको कठपुतलीहरूको बारेमा विवरण थप्न सहयोग गर्न तालिकामा एउटा उदाहरण दिइएको छ।

**तालिका 5.4 : आफ्ना कठपुतलीहरूको योजना बनाउनु**

| कठपुतलीका प्रकारहरू (उदाहरण, मानव वा पशु) र तिनीहरूका नाम | तपाईँले कुन सामग्रीहरू प्रयोग गर्नुभयो? | तपाईँले के गर्नुभयो? | कठपुतलीहरू कसरी चल्छन्? | तपाईँयी कठपुतलीहरू कसरी प्रयोग गर्नुहुनेछ? |
|---|---|---|---|---|
| बलले बनेका दुई मानव टाउका, नाम राजेश र गीता | बल, कुचो, स्केच पेन | बलले टाउकाको आकार दिन्छ। मैले स्केच पेन प्रयोग गरेर आँखा र मुखको चित्र बनाएँ । यसको मुस्कुराउने अनुहार ‘इमोजी’ (चिह्न) जस्तै छ। | टाउको घुमाउनका लागि बलमा कुचो लगाइएको हुन्छ। | यी कठपुतलीहरू दुई व्यक्ति एकअर्कासँग कुनै विषयमा कुरा गरेको कथा सुनाउन प्रयोग गर्न सकिन्छ। संवाद रमाइलो र हास्यास्पद हुन सक्छ। |
| | | | | |
| | | | | |
| | | | | |

© NCERT not to be republished

के तपाईंले पहिलो पटक सही कठपुतलीहरू प्राप्त गर्नुभयो वा के तपाईंले कठपुतलीहरूमा कुनै सुधार गर्न वा कुनै पनि कठपुतली पुनः निर्माण गर्न आवश्यक छ? यदि छ भने, तपाईंले किन र के गर्नुभयो भनेर व्याख्या गर्नुहोस्।

..................................................................................................................

..................................................................................................................

अब तपाईँ कार्यक्रमको तयारीका लागि तयार हुनुहुन्छ।

## गतिविधि 7 : कठपुतली प्रदर्शनी

कठपुतलीहरूसँग अभ्यास सुरु गर्नुहोस्। एक उत्कृष्ट कार्यक्रम सुनिश्चित गर्न सबैजना आफ्नो जिम्मेवारीबारे स्पष्ट छन् भनी सुनिश्चित गर्नुहोस्। तपाईँहरू मध्ये कोही कठपुतली चालक बन्न सक्नुहुन्छ, अरूले प्रकाश र ध्वनि प्रभावहरू दिन सक्छन् र दृश्यहरू परिवर्तन हुँदा पृष्ठभूमि परिवर्तन गर्न सक्छन्। तपाईँको कथाको आधारमा गर्नुपर्ने अन्य कुराहरू पनि हुन सक्छन्।

उत्कृष्ट कठपुतली प्रदर्शनका लागि निम्न तत्त्वहरू हुनु अत्यन्त महत्त्वपूर्ण छः

**क. मञ्च**

कार्यक्रम प्रदर्शन हुने ठाउँ धेरै महत्त्वपूर्ण छ। सर्वप्रथम, दर्शकहरूले कठपुतलीहरू स्पष्ट रूपमा देख्न सकून् भनेर 'मञ्च' निर्माण गर्ने परिधि हुनुपर्छ। दोस्रो, दर्शकहरू बस्नका लागि ठाउँ हुनुपर्छ। मञ्च स्थापना गर्ने विभिन्न तरिकाहरू छन् (चित्र 5.21 देखि 5.23 )।



**चित्र 5.21** *एउटा तन्ना टेबललाई ढाकेर मञ्चको रूपमा प्रयोग गरिन्छ। तन्नाले कठपुतलीकारलाई लुकाउनेछ, जसले कठपुतलीको शरीरमा जोड़िएका हात वा लाठ्ठीहरू प्रयोग गरेर कठपुतलीहरूलाई चलाउन सक्छन्।*

not to be republished © NCERT

[redacted] [redacted]

**चित्र 5.22 :** *कठपुतलीकारलाई ढाक्नका लागि बेडसिट (तन्ना)लाई पर्दाको रूपमा पनि प्रयोग गर्न सकिन्छ। यदि कठपुतलीकारले डोरी प्रयोग गर्दछ भने, तन्नालाई टेबलको पछाडिको डोरीमा पर्दाजस्तै बाँध्न सकिन्छ।*

**चित्र5.23 :** *कठपुतली कार्यक्रमका लागि मञ्चको रूपमा प्रयोग गरिने फ्रेम (आकृति/फर्मा)। फ्रेम आयताकार रेक्टेङ्ल ढाँचामा हुनुपर्छ (सिनेमा घरमा चलचित्र हेरेको जस्तै)। यो विभिन्न सामग्रीबाट बनाउन सकिन्छ तर ख्याल राख्नुहोस् कि 'खिड्की 'को आकार पुतलीहरू र तिनीहरूको गति स्पष्ट रूपमा देखिनाका लागि पर्याप्त होस्।*

याद गर्नुहोस्, कार्यक्रमका लागि जुन कठपुतलीहरू प्रयोग हुनेछन, तपाईंले तिनीहरूलाई मञ्चको नजिक राख्नुपर्छ, जहाँ दर्शकहरूले तिनीहरूलाई देख्न सक्दैनन्। उदाहरणका लागि, तपाईँ टेबल ढाक्न प्रयोग गरिएको कपड़ाको पछाडि कठपुतलीहरू राख्न सक्नुहुन्छ।

1. कठपुतली प्रदर्शनी कहाँ गर्ने?

.......................................................................................................................

.......................................................................................................................

2. कार्यक्रमको समयमा तपाईँ कठपुतलीहरू कहाँ राख्नुहुन्छ?

.......................................................................................................................

.......................................................................................................................

**ख. पृष्ठभूमि**

[redacted]

पृष्ठभूमि धैरै महत्त्वपूर्ण छ किनकि यसले कथाको विन्यास देखाउँछ। कथा एक दृश्यबाट अर्को दृश्यमा विकसित हुँदै जाँदा परिवेश परिवर्तन हुन सक्छ र त्यसैले, पृष्ठभूमि परिवर्तन हुन सक्छ। तपाईँ चार्ट पेपर ( चित्र बनाउने विशेष कागज) वा पुरानो बेडसिट (तन्ना)मा यी विभिन्न परिवेशको चित्र कोर्न सक्नुहुन्छ (चित्र

**चित्र 5.24 :** *जनावरहरू भएको जङ्गल देखाउने पृष्ठभूमि*

© NCERT not to be republished

5.24)। दृश्य परिवर्तन हुँदै जाँदा, पृष्ठभूमि पनि परिवर्तन हुन्छ। तपाईँले पर्दामा पृष्ठभूमिहरू पनि चित्राङ्कन गरेर हुक (अङ्कुसे) वा हुप्स (पट्टी) प्रयोग गरेर तिनीहरूलाई सार्न सक्नुहुन्छ।

1. तपाईँले तयार गर्नुभएको पृष्ठभूमिहरूको संक्षिप्त वर्णन गर्नुहोस्।

...................................................................................................................

...................................................................................................................

**ग. प्रोप्स ( रङ्गमञ्चमा प्रयोग हुने वस्तु वा सामग्रीहरू)**



चित्र **5.25 :** *एउटा बाँदरले रूखबाट स्याउ टिपिरहेको छ भनेर देखाउन प्रोपको रूपमा प्रयोग गरिएको रूख। यसमा जोड़िएको लट्ठी प्रयोग गरेर बाँदरको हात चलाइन्छ।*

प्रोपको (आवश्यक वस्तुहरू) का प्रकार तिनीहरूको प्रयोग कसरी गर्ने भन्ने कुरामा निर्भर गर्दछ। उदाहरणका लागि, कुर्सी, पलङ वा सिंहासन आदि बनाउन हामी बाक्लो गत्ता प्रयोग गर्न सक्छौँ।

तथापि, यदि कठपुतलीकारले प्रोप प्रयोग गरिरहेको छ वा समातेर राखेको छ भने, यो धेरै हल्का हुनुपर्छ। प्रोपहरू साधारण सामग्रीहरू, जस्तै कागज (उदाहरणका लागि, अखबार, रोटी), एल्युमिनियम (उदाहरणका लागि, तरवार, छुरी), गत्ता वा डिस्पोजेबल( फ्याक्न मिल्ने) भाँड़ाहरू (उदाहरणका लागि, ग्यास स्टोभ, प्लेटहरू) प्रयोग गरेर बनाउन सकिन्छ ( चित्र 5.25 )।

1. तपाईँले तयार गर्नुभएको प्रोप ( रङ्गमञ्चमा प्रयोग हुने सामग्री) हरूको संक्षिप्त वर्णन गर्नुहोस्।

...................................................................................................................

...................................................................................................................

**घ. आवाज**

भ्वाइस मोड्युलेसनले (आवाज परिमार्जन) कठपुतली कलामा अत्यन्त सशक्त भूमिका निर्वाह गर्दछ; कठपुतलीकारले उनको आवाजको माध्यमबाट कार्य गर्दछ। पात्रहरू छुट्याउन प्रत्येक कठपुतलीलाई फरक आवाजहरू निर्धारित गरिएको हुनुपर्छ। उदाहरणका लागि, सिंहको कठपुतलीको गहन, प्रभावशाली आवाज हुन सक्छ, जबकि खरायोको तिखो उच्च-सुर, चञ्चल आवाज हुन सक्छ।

तपाईँ भनेको कुरा दर्शकहरूले बुझून् भनी सुनिश्चित गर्न, स्पष्ट र ठुलो स्वरमा बोल्नुहोस्। आवाज परिमार्जन गरेर खुशी, डर वा उत्तेजना जस्ता भावनाहरू देखाउने अभ्यास गर्नुहोस्।

© NCERT not to be republished

उदाहरणका लागि, खेदाउने दृश्यको समयमा डरलाग्दो आवाज गर्नुहोस् वा रहस्यमय क्षणको समयमा फुसफुसाउनुहोस्।

तपाईँले लेखेका पटकथालाई सन्दर्भको रूपमा लिनुहोस्। संवादका लागि कठपुतलीहरूसँग भ्वाइस नक्कल गर्ने प्रयास गर्नुहोस्। जहाँ आवश्यक छ त्यहाँ सङ्गीत बजाउने वासँगै गाउने अभ्यास गर्नुहोस्। अभ्यास तपाईँको प्रयासको सफलताको चाबी हो।

### ङ. ध्वनि र सङ्गीत

तपाईँसँग कठपुतली कार्यक्रममा पटकथा  पृष्ठभूमि सङ्गीत वा ध्वनि प्रभावहरूका आधारमा विभिन्न प्रकारका आवाजहरू हुनुपर्दछ, जस्तै वर्षा अघि बादलको गर्जना। तपाईँले सङ्गीत वाद्ययन्त्रहरू प्रयोग गरेर वा पेन्सिल, स्केल वा तपाईँका औँलाहरू प्रयोग गरेर भुइँ वा डेस्कमा ट्याकट्याक बजाएर ध्वनि सिर्जना  गर्न सक्नुहुन्छ। तपाईँ आफ्नो कार्यक्रमका लागि सङ्गीत सिर्जना गर्नका लागि विभिन्न परिमानको पानी भएको गिलास वा बोतल बजाउन सक्नुहुन्छ। तपाईँ ध्वनि प्रणालीद्वारा विभिन्न ध्वनि प्रभावको प्रयोग गर्न सक्नुहुन्छ; उदाहरणका लागि, माइक्रोफोनमा सुशिला बजाउँदा हावाको आवाज उत्पन्न हुन्छ (चित्र 5.26)।





**चित्र 5.26 :** *सङ्गीत सृजन*

सङ्गीत र ध्वनि प्रभावहरू र तपाईँले तिनीहरूलाई कसरी उत्पन्न गर्नुहुनेछ भन्ने निश्चय गर्न आफ्नो पटकथा (तालिका 5.3 ) हेर्नुहोस्।

तपाईँले कुञ्जी शब्दहरू: रोमाञ्चक + उत्सव + सङ्गीत + प्रतिलिपि सर्वाधिकार प्रयोग गरेर अनलाइन सङ्गीत खोज्न सक्नुहुन्छ।

### च. प्रकाश

दर्शकहरूले कठपुतलीहरू र प्रभावहरू देख्न सकून् भन्ने सुनिश्चित गर्न कठपुतली प्रदर्शनीमा प्रकाशको खाँचो पर्दछ। यदि कार्यक्रम दिनको समयमा बाहिरी छ भने, प्रकाशले भूमिका खेल्दैन। यद्यपि, यदि कार्यक्रम अँध्यारो ठाउँमा छ भने, तपाईँले बत्तीहरू राख्ने योजना बनाउनु आवश्यक

© NCERT not to be republished

छ। उदाहरणका लागि, तपाईंले चन्द्र, सूर्य वा चमत्कारी प्रकाश देखाउन पर्दाको पछाडि टर्च प्रयोग गर्न सक्नुहुन्छ। तपाईंले चम्किला बत्ती, टेबल ल्याम्प, माटाको पाला (*दीयो*) आदि पनि प्रयोग गर्न सक्नुहुन्छ।

प्रकाश प्रभावहरू र तपाईंले तिनीहरूलाई कसरी उत्पन्न गर्नुहुनेछ भन्ने निर्णय गर्न आफ्नो पटकथा (तालिका 5.3) हेर्नुहोस्।

**छ. कठपुतलीकार**

कठपुतलीकारले संवादहरूको राम्रो अभ्यास गर्न आवश्यक छ। ध्यान राख्नुहोस्, कठपुतली बोलिरहेको छ, तपाईँ होइन। कठपुतली कहिले मञ्चमा प्रवेश 'इन' गर्नेछ र कहिले मञ्चबाट बाहिर 'आउट' निस्कनेछ भन्ने पनि तपाईंलाई थाहा हुनुपर्छ।

दोस्रो, कठपुतलीले दर्शकसँग कुरा गर्दा कठपुतलीकारले कठपुतलीलाई हेर्नु पर्छ। यसको अर्थ के हो भने कठपुतलीकारको रूपमा तपाईंको अनुहार भावनारहित तथा सामान्य हुनु आवश्यक छ, ताकि दर्शकहरूले कठपुतलीलाई हेरोस्, तपाईंलाई होइन।

## गतिविधि 8: कठपुतली प्रदर्शन गर्नु

अब, कार्यक्रमको बेला भयो। कार्यक्रम अघि तालिका 5.5मा रहेको सूचि जाँच गर्न नबिर्सनुहोस्ः

**तालिका 5.5: पूर्व-प्रदर्शन सूचि**

| क्र. सं. | प्रश्नहरू | हो/होइन |
|---|---|---|
| 1. | तपाईंको पटकथा तयार छ? | |
| 2. | के तपाईंले प्रत्येक पात्रका लागि कठपुतली बनाउनुभएको छ? | |
| 3. | के कठपुतलीहरूका लागि पोशाक तयार छ? | |
| 4. | के तपाईँ कठपुतलीहरू चलाउन वा नचाउन सक्नुहुन्छ? | |
| 5. | के तपाईंले अनुक्रम र संवादलाई अन्तिम रूप दिनुभएको छ? | |
| 6. | मञ्च तयार छ? | |
| 7. | के प्रोपहरू तयार छन्? | |
| 8. | के तपाईंले पृष्ठभूमि सङ्गीत, ध्वनि र प्रकाश प्रभावहरूलाई अन्तिम रूप दिनुभएको छ? | |
| 9. | तपाईंले अभ्यास गर्नुभएको छ? | |
| 10. | के तपाईंले कार्यक्रमको परिचय कसले दिने र कार्यक्रम पछि कलाकारको परिचय कसले दिने भन्ने निर्णय गर्नुभएको छ? | |

not to be republished © NCERT

तलको स्थानमा मञ्च र बस्ने क्षेत्रको रेखाचित्र बनाउनुहोस्।

सबै कुरा व्यवस्थित भएपछि, तपाईँले कौशल मेला अवधि एउटा कार्यक्रम आयोजना गर्न सक्नुहुन्छ।

कार्यक्रमपछि, कलाकारहरूले झुकेर नमन गर्नुपर्छ र टोलीका एक सदस्यले कलाकारहरूको परिचय गराउनु पर्छ। कथाका लेखकलाई स्वीकार गर्न र कार्यक्रम प्रस्तुत गर्न तपाईँलाई सहयोग गर्ने सबैको नाम उल्लेख गर्न सम्झनुहोस्।

तपाईँले पात्रवर्गका सदस्यहरूलाई तालिका 5.6मा सूचीबद्ध गर्न सक्नुहुन्छ। तिनीहरूको भूमिका कठपुतलीकार, पटकथा लेखक, सङ्गीत, कलाकृति, कठपुतली बनाउने, प्रकाश, आदिका रूपमा हुन सक्छ।

**तालिका 5.6: कठपुतली प्रदर्शनका कलाकारहरू**

| क्र. सं. | कलाकारको नाम | भूमिका |
|---|---|---|
| 1. | | |
| 2. | | |
| 3. | | |
| 4. | | |
| 5. | | |

© NCERT not to be republished

कार्यक्रम पछि, प्रदर्शनका बारेमा दर्शकहरूबाट प्रतिक्रिया लिनुहोस्।
तपाईँले श्रोताहरूलाई निम्न प्रश्नहरू सोध्न सक्नुहुन्छः

1. कार्यक्रमको कुन भाग उनीहरूलाई सबैभन्दा बढ़ी मनपऱ्यो?

   ....................................................................................................
   ....................................................................................................

2. यसलाई अझ राम्रो बनाउनका लागि उनीहरूका के के सुझावहरू छन्?

   ....................................................................................................
   ....................................................................................................

## मैले अरूबाट के सिकेको छु?

तपाईँले आफ्नो समुदाय वा साथीहरूबाट सहयोग र मार्गदर्शन लिनुभएको हुन सक्छ। यो कठपुतली बनाउनका लागि, ध्वनि र प्रकाश, वेशभूषा वा मञ्च निर्माणका लागि हुन सक्छ। कृपया तपाईँले सिकेका तिनवटा सबैभन्दा महत्त्वपूर्ण कुराहरू लेख्नुहोस्।

....................................................................................................
....................................................................................................
....................................................................................................

## मैले के गरेँ र कति समय लाग्यो?

कुनै कार्य पूरा गर्न कति समय चाहिन्छ भन्ने बुझ्नु महत्त्वपूर्ण हुन्छ।

तपाईँले प्रत्येक गतिविधिमा बिताउनु भएको अनुमानित समय घन्टाना गणना गर्नुहोस्। तिनीहरूलाई तलको समयरेखामा चिह्नित गर्नुहोस्। यदि तपाईँले पुस्तकमा सुझाउ गरिएका गतिविधिहरू भन्दा बढ़ी गर्नुभयो भने, कृपया सङ्ख्या र समय थप्नुहोस्।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| *गतिविधि* | *1* | *2* | *3* | *4* | *5* | *6* | *7* | *8* |
| *लागत समय (अवधिहरू)* | --- --- | --- | --- | --- | --- | --- | --- | |

© NCERT not to be republished

## म अरू के गर्न सक्छु?

1. आफ्ना कठपुतलीहरूमा थप गति समावेश गर्नुहोस्। तपाईँले कार्यक्रमको आवश्यकताका आधारमा हात, खुट्टा वा घाँटीमा गतिहरू थप्न सक्नुहुन्छ।
2. प्रकाश प्रभावहरू सिर्जना गर्न प्रकाश, ऐना र परावर्तन (रिफ्लेक्सन) प्रयोग गरेर अन्वेषण गर्नुहोस्।
3. के तपाईँ एनिमेसनहरू (कार्टुन) सिर्जना गर्न कठपुतली र कम्प्युटर सफ्टवेयर प्रयोग गर्न सक्नुहुन्छ? **सङ्केत**: तपाईँ स्टप-मोसन एप्लिकेसनको प्रयोगद्वारा कागजका टुक्राहरू काटेर गति सिर्जना गर्न सक्नुहुन्छ।

## सोचेर उत्तर दिनुहोस्

1. तपाईँले के गर्नमा आनन्द लिनुभयो?
2. तपाईँले कस्ता चुनौतिहरूको सामना गर्नुभयो?
3. तपाईँले अर्को पटक फरक तरिकाले के गर्नुहुनेछ?
4. तपाईँको पटकथा र कठपुतली कार्यक्रमलाई चलचित्र, टिभी कार्यक्रम, कार्टुन वा एनिमेसन वा कुनै अन्य प्रदर्शनसँग तुलना गर्नुहोस्। तिनीहरूबिच समानता र भिन्नताहरू के के छन्?
5. तपाईँले भर्खरै गर्नुभएको कामसँग सम्बन्धित जागिरहरूका केही उदाहरणहरू चिन्नुहोस्। उदाहरणका लागि, पटकथा लेखन, कठपुतली निर्माता, पोशाक डिजाइनर, आवाज परिमार्जन, प्रकाश र ध्वनि प्राविधिज्ञ (टेक्निसियन)। वरिपरि हेर्नुहोस्, मानिसहरूसँग कुरा गर्नुहोस् र आफ्नो उत्तर लेख्नुहोस्।

© NCERT not to be republished